# नेपाल वायुसेवा निगम
## काठमाडौं
## आवश्यकता

**<u>सूचना प्रकाशित मिति : २०७४/०६/२९</u>**

लोक सेवा आयोगवाट स्वीकृत भए बमोजिम निगमको निम्न लिखित पदहरुमा खुल्ला प्रतियोगिताद्वारा स्थायी रुपले पूर्ति गर्नु परेको हुंदा योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ । उम्मेदवारले दरखास्त फारम भरी आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम तथा नागरिकता प्रमाणपत्रको नक्कल प्रतिलिपिहरु आफुले प्रमाणित गरी परीक्षा दस्तूर वापतको रकम काठमाडौं उपत्यकामा रहेको नेपाल बैंक लिमिटेडको कुनै पनि कार्यालयमा निगमको चल्ती खाता नं.०००२—११—००१९४५६ मा जम्मा गरेको भौचर पछाडी विज्ञापन नम्बर, पद तथा उम्मेदवारको नाम उल्लेख गरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र यस निगमको केन्द्रीय कार्यालय, न्यूरोडमा कार्यालय खुलेको दिनमा दिनको ११:०० बजे देखि ३:०० बजे भित्र बुझाउनु पर्नेछ ।दरखास्त फारम रु. १००/—(रु. एक सय) तिरी यस निगमको केन्द्रिय कार्यालय, न्यूरोडबाट प्राप्त गर्न सकिने छ । रित नपुगेका र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

| क्र.सं | बिज्ञापन नं | पद | तह | सेवा/समुह/उपसमुह | खुल्ला | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ/ज | मधेशी | दलित | अपाङ्ग | |
| १ | ०२।०७४।७५ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/ एयरफ्रेम एण्ड इन्जिन | ४ | १ | १ | १ | १ | - | ८ |
| २ | ०३।०७४।७५ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/एभियोनिक्स | ४ | १ | १ | १ | १ | - | ८ |
| ३ | ०४।०७४।७५ | बरिष्ठ प्राबिधिक अधिकृत(इलेक्ट्रिकल) | ७ | वायुयान मर्मत सम्भार/ ग्राउण्ड इक्युप्मेन्ट | १ | - | - | - | - | - | १ |
| ४ | ०५।०७४।७५ | सिनियर को-पाइलट | ७ ए | उड्डयन/क्रु | ६ | १ | १ | १ | १ | - | १० |
| ५ | ०६।०७४।७५ | अधिकृत | ६ | प्रशासन/सामान्य प्रशासन | १२ | ३ | ३ | २ | १ | १ | २२ |
| ६ | ०७।०७४।७५ | लेखा अधिकृत | ६ | प्रशासन/लेखा | ३ | १ | १ | १ | - | - | ६ |
| ७ | ०८।०७४।७५ | वरिष्ठ सहायक | ५ | प्रशासन/सामान्य प्रशासन | ८ | २ | २ | १ | १ | - | १४ |
| ८ | ०९।०७४।७५ | वरिष्ठ लेखा सहायक | ५ | प्रशासन/लेखा | २ | १ | १ | - | - | - | ४ |
| ९ | १०।०७४।७५ | वरिष्ठ प्राबिधिक | ५ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/ एयरफ्रेम एण्ड इन्जिन | २ | १ | - | - | - | - | ३ |
| १० | ११।०७४।७५ | वरिष्ठ प्राबिधिक | ५ | वायुयान मर्मत सम्भार/ ग्राउण्ड इक्युप्मेन्ट/ /(इलेक्ट्रिक/ईलेक्ट्रोनीक्स) | २ | १ | १ | - | - | - | ४ |
| ११ | १२।०७४।७५ | वरिष्ठ प्राबिधिक | ५ | वायुयान मर्मत सम्भार/ ग्राउण्ड इक्युप्मेन्ट/ /(मेकानिकल/अटोमोवाईल) | २ | १ | १ | - | - | - | ४ |
| १२ | १३।०७४।७५ | सिनियर आई.टी. टेक्निसियन | ५ | सामान्य प्राबिधिक/सूचना तथा संचार प्रबिधि | २ | १ | १ | - | - | - | ४ |
| १३ | १४।०७४।७५ | सहायक | ४ | प्रशासन/सामान्य प्रशासन | ३ | १ | १ | - | - | - | ५ |
| १४ | १५।०७४।७५ | लेखा सहायक | ४ | प्रशासन/लेखा | ३ | १ | १ | - | - | - | ५ |
| १५ | १६।०७४।७५ | ग्राउण्ड इक्युप्मेन्ट अपरेटर | ४ | वायुयान मर्मत सम्भार/ ग्राउण्ड इक्युप्मेन्ट | ४ | १ | १ | १ | १ | - | ८ |

परीक्षा दस्तूर :

| क्र.सं | तह | खुल्लाको लागी (कुनै एक समुहको लागि) | एक भन्दा बडी समुहमा दरखास्त पेश गर्दा प्रत्येक थप समुहको लागी |
|---|---|---|---|
| २ | सातौं र छैठौं | रु.७००/- | रु.३५०/- |
| ३ | पाँचौ र चौथो | रु.५००/- | रु.२५०/- |

## आवश्यक न्युनतम योग्यता :

| क्र. सं | बिज्ञापन नं | पद | तह | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १ | ०२।०७४।७५ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | नेपाल सरकार वाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाट Aeronautical/Mechanicalबिषयमा बी.ई उत्तिर्ण गरेको। |
| २ | ०३।०७४।७५ | बरिष्ठ प्राबिधिक अधिकृत (इलेक्ट्रिकल) | ७ | नेपाल सरकार वाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाट Aeronautical(Avionics) /Electrical/Electronics/Communication बिषयमा बी.ई उत्तिर्ण गरेको। |
| ३ | ०४।०७४।७५ | बरिष्ठ प्राबिधिक अधिकृत | ७ | नेपाल सरकार वाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थावाट Electrical/Electronics/Communication बिषयमा बी.ई उत्तिर्ण गरेको। |
| ४ | ०५।०७४।७५ | सिनियर को-पाइलट | ७ ए | (अ) नेपाल नागरिक उड्डयनप्राधिकरण(CAAN)बाटCPL (Commercial Pilot Licence)प्राप्त गरी कम्तिमा२वर्षर१०००घण्टा उडान संचालन गरेको । (अपरेशन्स म्यानुवलको दफा ५.१.९.२ अनुसार)<br>(आ)नेपाल नागरिक उड्डयनप्राधिकरण(CAAN)बाट मान्यता प्राप्त संस्थाबाट ATPL (Air Transport Pilot Licence) को कोर्ष पूरा गरेको । |
| ५ | ०६।०७४।७५ | अधिकृत | ६ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट वा शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरेको। |
| ६ | ०७।०७४।७५ | लेखा अधिकृत | ६ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट वा शिक्षण संस्थाबाट लेखा बिषय सहित वाणिज्य शास्त्र वा ब्यापार प्रशासन/ब्यवस्थापनमा स्नातक तह उत्तिर्ण गरेको। |
| ७ | ०८।०७४।७५ | वरिष्ठ सहायक | ५ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट वा शिक्षण संस्थाबाट१०+२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको। |
| ८ | ०९।०७४।७५ | वरिष्ठ लेखा सहायक | ५ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट वा शिक्षण संस्थाबाट वाणिज्य/ब्यवस्थापन विषयमा १०+२ वा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको। |
| ९ | १०।०७४।७५ | वरिष्ठ प्राबिधिक | ५ | मान्यता प्राप्त शिक्षण संस्थावाट मेकानिकल/एरोनोटिकल/अटोमोवाइल विषयमा १०+२ वा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको। |
| १० | ११।०७४।७५ | वरिष्ठ प्राबिधिक | ५ | मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स विषयमा १०+२ वा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको। |
| ११ | १२।०७४।७५ | वरिष्ठ प्राबिधिक | ५ | मान्यता प्राप्त शिक्षण संस्थावाट अटोमोवाइल विषयमा १०+२ वा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको। |
| १२ | १३।०७४।७५ | सिनियर आई.टी. टेक्निसियन | ५ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कम्प्युटर विषयमा ३ बर्षे डिप्लोमा उत्तिर्ण गरेको। |
| १३ | १४।०७४।७५ | सहायक | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह तह उत्तिर्ण गरेको। |
| १४ | १५।०७४।७५ | लेखा सहायक | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह तह उत्तिर्ण गरेको। |
| १५ | १६।०७४।७५ | ग्राउण्ड इक्युप्मेन्ट अपरेटर कम सर्भिस मेकानिक्स | ४ | १) CTEVTवाट मान्यता प्राप्त संस्थावाट अटोमोवाइल प्राबिधिक विषयमा एस.एल.सी उत्तीर्ण<br>२) सवारी चालक अनुमति पत्र प्राप्त |

**समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागजातहरु समेत पेश गर्नुपर्नेछ:**

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरुभएमा सम्बन्धित स्थानिय निकाएको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

(ख) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति । तर, राष्ट्रिय दलित आयोगबाटसुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकाएको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने छ ।

(ग) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तरनेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकाएको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।

(घ) पिछडिएको क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, हुम्ला, जिल्लामा स्थायीबसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गा.वि.स./नगरपालिकाबाट दरखास्त दिंदाकाबखतसम्म सोहि स्थानमा स्थायी बसोवास गरेको सिफारिसको प्रतिलिपि १ प्रति ।

**स्थायी नियूक्तिको आधार (उड्डयन सेवा तर्फका पदहरुका लागि मात्र):**

| क्र.सं | बिज्ञापन नं | पद | तह | स्थायी नियुक्तिको आधार |
|---|---|---|---|---|
| १ | ०५।०७४।७५ | सिनियर को-पाइलट | ७(ए) | नेपाल नागरिक उड्डयनप्राधिकरणबाट MA60वा DHC -6वा Y 12विमानका विमानको Type Rating Validरहेकाउम्मेदवारहरुको हकमाSenior Co-Pilotतह VIIA (उड्डयन) स्थायी पदमा परीक्षणकालमा नियुक्ति गरिनेछ । तर उपरोक्त अनुसार MA60वा DHC -6वा Y12विमानको Type Rating Validनरहेकाउम्मेदवारहरुको हकमा भने ट्रेनि सिनियर कोपाइलट (Tranee Senior Co-pilot) मा नियुक्ति गरी निगमबाट प्रदान गरिने तालिममा सफल भई नेपाल नागरिक उड्डयनप्राधिकरणबाट MA60वा DHC -6वा Y 12विमानको इन्डोर्समेन्ट प्राप्त गर्नेलाई Senior Co-pilot तह VIIA( उड्डयन) स्थायी पदमा प्रचलित नियमानुसार परीक्षणकालमा रहने गरी नियुक्ति गरिनेछ । तालिम पश्चात नेपाल नागरिक उड्डयनप्राधिकरणबाट (Endorsement) प्राप्त गर्न नसक्नेहरुलाई सेवामा नियुक्ति दिईनेछैन । |

**उपरोक्त पदहरुका लागि:**

**(क) उमेरको हद:**

(१) तह ७ र ६ का पदहरुका लागि २१ वर्ष पुरा गरि ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको

(२) तह ५ र ४ का पदहरुका लागि १८ वर्ष पुरा गरि ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

तर निगममा स्थायी बहालवाल कर्मचारीलाई तथा निगमका कर्मचारीहरुको सेवा, शर्त सम्बन्धी विनियमावली, २०५८ को विनियम २१(३) मा उल्लेख भएको हकमा उमेरको हद लागु हुने छैन ।

**(ख) नागरिकता** : नेपाली नागरिक हुनु पर्ने ।

**(ग) सेवा प्रवेश तालिम**:निगमको नियमानुसार ।

**(घ)छनौट प्रक्रिया** :

(१) बिज्ञापन नं ०५।०७४।७५ को पदका लागि लिखित परिक्षा, Aptitude Test,स्वास्थ्य परीक्षणतथा अन्तरवार्ता ।

(२) बिज्ञापन १६।०७४।७५को पदका लागि लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता ।

(३) प्रशासन सेवा तर्फका तह ५ र ४ का पदहरुका लागि लिखित परिक्षा, कम्प्यूटर सिप परिक्षण तथा अन्तरवार्ता ।

(४) अन्य पदहरुका लागी लिखित परिक्षा तथा अन्तरवार्ता ।

**(ङ) दरखास्त दिने अन्तिम मिति:**२०७४/०७/१८ गते सम्म, दोब्बर दस्तुर तिरि २०७४/०७/२५ गते सम्म दरखास्त बुझाउन सकिनेछ । अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन समेत दरखास्त बुझाउन सकिनेछ ।

**(च) तलव तथा अन्य सुबिधा** : निगमको नियमानूसार ।

**(छ) काम गर्नुपर्ने स्थान** : निगमको केन्द्रीय कार्यालय तथा अन्तरगतका कार्यालयहरु ।

**(ज)** लिखित परीक्षा लोक सेवा आयोगवाट संचालन हुनेछ ।

**(झ)** लिखित परीक्षाको कार्यक्रम पछि प्रकाशन गरिनेछ ।

**मानव संशाधन बिभाग**